निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

स्थानीय तह निर्वाचन इ-बुलेटिन

२५ दिन बाँकी

• वर्ष १ • अङ्क ५ • २०७९ वैशाख ५ गते सोमबार (April 18, 2022)

# ४६ जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छापियो



**स्थानीय तह निर्वाचनमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापमा एकरुपता कायम गर्न आयोगले ७७ वटै मुख्य निर्वाचन अधिकृत र ६७६ वटा निर्वाचन अधिकृतको कार्यालयलाई प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पत्राचार गरेको छ ।**

काठमाडौं- स्थानीय तह निर्वाचनका लागि आवश्यक १ करोड ९४ लाख थान मतपत्रमध्ये सोमबारसम्म ४६ जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छपाई सम्पन्न भएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार आयोजित नियमित पत्रकार सम्मेलनमा सो जानकारी दिनुभयो ।

प्रवक्ता पौडेलकाअनुसार स्थानीय तह निर्वाचनमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापमा एकरुपता कायम गर्न आयोगले ७७ वटै मुख्य निर्वाचन अधिकृत र ६७६ वटा निर्वाचन अधिकृतको कार्यालयलाई प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पत्राचार गरेको छ ।

त्यस्तै, स्थानीय तह निर्वाचन आचारसंहिता उल्लङ्घन भएको भन्ने समाचार र सूचनाकाआधारमा आयोगले विभिन्न राजनीतिक दल र सम्बन्धित नेतासँग चित्तबुझ्दो जवाफ पेश गर्न पत्राचार गरेको छ । त्यसको जवाफ आउनेक्रम जारी रहेको प्रवक्ता पौडेलले बताउनुभयो ।

सोहीअनुसार निर्वाचन आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी गतिविधि र सूचनाको सहजरूपमा जानकारी दिन वैशाख १ देखि हरेक दिन 'स्थानीय तह निर्वाचन इ-बुलेटिन' प्रकाशन गरिरहेको छ । बुलेटिन आयोगको वेबसाइटमा उपलब्ध रहेको छ ।

त्यस्तै, स्थानीय तह निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत र निर्वाचन कार्यालयका प्रमुखका लागि गत चैत ३० गते 'निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रादेशिक प्रशिक्षण' विराटनगर, धुलिखेल, पोखरा र नेपालगञ्जमा सम्पन्न गरेको छ । त्यस्तै, वैशाख २ गते जनकपुर, हेटौडा, बुटवल र धनगढीमा सम्पन्न भएको छ । प्रशिक्षणपछि सोही स्थानबाट निर्वाचन अधिकृतहरूलाई नियुक्तिपत्र दिइएको छ ।

सोहीअनुसार वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनमा आयोग र सञ्चार जगतसँगको समन्वय र सहकार्य अभिवृद्धि गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तुल्याउन निर्वाचन आचारसंहिताको कार्यान्वयनमा योगदान पुऱ्याउने हेतुले वैशाख ३ गते मधेस प्रदेशको जनकपुर, बागमती प्रदेशको हेटौडा, लुम्बिनी प्रदेशको बुटवल र सुदूरपश्चिम प्रदेशको धनगढीमा मिडिया अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

यसैबीच, आयोगले राष्ट्रिय सञ्चार माध्यमका निर्वाचनसम्बन्धी विषयमा समाचार लेख्ने समाचारदाता र फोटो पत्रकारका लागि मंगलबार काठमाडौंमा अन्तरक्रिया कार्यक्रम गर्दैछ ।

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**




निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**



वैशाख ३० गते हुने स्थानीय निर्वाचनमा प्रयोग गरिने मतपेटिकामा कति सङ्ख्यामा मतपत्र अटाउँछ भनी परीक्षण गरिँदै ।

# आचारसंहिता उल्लङ्घन गर्ने मिडियाको निगरानी गर्दै प्रेस काउन्सिल

**काठमाडौं-** प्रेस काउन्सिल नेपालले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने सञ्चार माध्यमलाई स्पष्टीकरण सोध्दै पुनः त्यस्तो गल्ती नगर्न सचेत गराएको छ । देशभरका मिडियाले आचारसंहिता उल्लङ्घन नगरून् भनेर काउन्सिलले निरन्तर निगरानी गरिरहेको जनाएको छ ।

गत शनिबार जनकपुरमा आयोजित मिडिया अभिमुखीकरण कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राख्नुभएको धारणालाई तोडमोड गरी समाचार सम्प्रेषण गरेकोभन्दै काउन्सिल नेपालले स्थानीय इ-जनकपुर टुडे डट कमलाई आइतबार स्पष्टीकरण सोधेको छ । काउन्सिल नेपालका उपप्रशाकीय अधिकृत रामशरण बोहराकाअनुसार सो मिडियाले 'प्रमुख निर्वाचन आयुक्त नै चुनाव विरोधी अभियानमा' शीर्षक राखी समाचार सम्प्रेषण गरेको थियो ।

प्रमुख आयुक्तले राख्नुभएको धारणालाई गलत अर्थ लाग्नेगरी समाचार बनाएकोमा २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न भनिएको बोहराले बताउनुभयो । प्रमुख निर्वाचन आयुक्त थपलियाले 'निर्धारित मितिमै निर्वाचन हुन्छ, निर्वाचन धकेलियो भने मुलुक दुर्घटनामा फस्न सक्छ' भन्ने धारणा राख्नुभएको थियो । सो मिडियाले पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएमा कानूनअनुसार कारबाही गरिने काउन्सिल नेपालले जनाएको छ ।

त्यस्तै, काउन्सिलले दैनिकी डट कमलाई शुक्रबार एक पत्र लेखी आचारसंहिता उल्लङ्घन नगर्न निर्देश गरेको छ । काउन्सिल नेपालका अनुगमन अधिकृत सुरेन्द्र मल्लले सो मिडियालाई पत्र लेखी आचारसंहिता कार्यान्वयनप्रति सचेत गराएको हो । 'लाज पचेकाहरुले गठबन्धन गर्ने भन्दै जनतालाई भेँडा नबन्न पशुपति शर्माको आग्रह' शीर्षकको समाचार सो मिडियाले सम्प्रेषण गरेको थियो ।

यसैगरी प्रेस काउन्सिल नेपालले गत शुक्रबार हिमालय टेलिभिजनलाई पनि आचारसंहिता उल्लङ्घन नगर्न भन्दै सजग गराएको छ । अनुगमन अधिकृत मल्लले सो मिडियालाई पत्र पठाउनुहुँदै आचारसंहिता कार्यान्वयनमा सजग गराएको हो । सो टेलिभिजनले ' प्रधानमन्त्री देउवाका ज्योतिषीको भविष्यवाणी : स्थानीय तह निर्वाचन सर्छ, देउवा झन शक्तिशाली' शीर्षकमा समाचार सम्प्रेषण गरेको थियो । पुनः त्यस्तो त्रुटी नगर्न नगराउन काउन्सिलले सचेत गराएको अधिकृत मल्लले बताउनुभयो ।

त्यस्तै, सोही दिन शुक्रबार काउन्सिलले प्राइम टाइम्स टेलिभिजनलाई पनि आचारसंहिता उल्लङ्घन भएकोप्रति सचेत गराएको छ ।

(बाँकी पृष्ठ ३ मा)

# आचारसंहिता उल्लङ्घन...




सो टेलिभिजनले 'स्थानीय तहको चुनाव नहुने, देउवाले लोकतन्त्र समाप्त पार्ने, ओली संकटमा पर्ने' शीर्षकको समाचार सम्प्रेषण गरेको थियो । काउन्सिलका अनुगमन अधिकृत मल्लले सो टेलिभिजनलाई पत्र लेख्दै आगामी दिनमा आचारसंहिता कार्यान्वयनमा सजग रहन निर्देश गर्नुभएको छ ।

सोहीअनुसार शुक्रबार नै काउन्सिल नेपालले सूत्र न्यूज डट कमलाई एक पत्र लेख्दै आचारसंहिता उल्लङ्घन नगर्न सचेत गराएको छ । सो मिडियाले 'वैशाख ३० मा स्थानीय चुनाव हुँदैन, समय लाग्छः माधव नेपाल' शीर्षकको समाचार सम्प्रेषण गरेको थियो । सो समाचारले काउन्सिलको ध्यानाकर्षण भएको र पुनः त्यस्तो त्रुटी नगर्न नगराउन सो मिडियालाई निर्देश गरिएको अनुगमन अधिकृत मल्ले जानकारी दिनुभयो ।

काउन्सिलले निर्वाचन आचारसंहिता कार्यान्वयनमा मिडिया सचेत हुनुपर्ने र निर्वाचनलाई सफल पार्न मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्ने सन्देश दिन आफूहरु निरन्तर अनगुमन गरिरहेको उपप्रशासकीय अधिकृत बोहराले बताउनुभयो । उहाँकाअनुसार प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता उल्लङ्घन गरे नगरेकोबारे नियमित मिडियाको अनुगमन गरिरहेको छ ।

## प्रदेशअनुसार मतदाता (२०७९ वैशाख २९ गते सम्म १८ वर्ष पूरा भएका) मतदान स्थल र मतदान केन्द्र सङ्ख्या

**कर्णाली प्रदेश**

| | |
|---|---|
| पुरुष | : ५०६१८० |
| महिला | : ४९५०९९ |
| अन्य | : ३ |
| जम्मा | : १००१२८२ |
| मतदान स्थल | : ९०७ |
| मतदान केन्द्र | : १३८५ |

**गण्डकी प्रदेश**


| | |
|---|---|
| पुरुष | : ८६४४५२ |
| महिला | : ९२४९४८ |
| अन्य | : ११ |
| जम्मा | : १७८९४११ |
| मतदान स्थल | : १२५३ |
| मतदान केन्द्र | : २३०० |

**बागमती प्रदेश**

| | |
|---|---|
| पुरुष | : १७०४८९८ |
| महिला | : १७०७९४२ |
| अन्य | : २९ |
| जम्मा | : ३४१२८६९ |
| मतदान स्थल | : १७९२ |
| मतदान केन्द्र | : ४०९५ |

**सुदूरपश्चिम प्रदेश**

| | |
|---|---|
| पुरुष | : ८००६६२ |
| महिला | : ८३१४७० |
| अन्य | : १८ |
| जम्मा | : १६३२१५० |
| मतदान स्थल | : ११३५ |
| मतदान केन्द्र | : २१०३ |



**प्रदेश नं. १**

| | |
|---|---|
| पुरुष | : १६९९८०० |
| महिला | : १६४७५६१ |
| अन्य | : २३ |
| जम्मा | : ३३४७३८४ |
| मतदान स्थल | : १८७७ |
| मतदान केन्द्र | : ४०५१ |

**लुम्बिनी प्रदेश**

| | |
|---|---|
| पुरुष | : १६१८०७३ |
| महिला | : १६०१३५२ |
| अन्य | : ३२ |
| जम्मा | : ३२१९४५७ |
| मतदान स्थल | : १६२९ |
| मतदान केन्द्र | : ३८३२ |

**मधेश प्रदेश**

| | |
|---|---|
| पुरुष | : १७९७९४५ |
| महिला | : १५३३१५८ |
| अन्य | : ६७ |
| जम्मा | : ३३३११७० |
| मतदान स्थल | : २१६३ |
| मतदान केन्द्र | : ४१८९ |

आगामी स्थानीय तह निर्वाचनमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापमा एकरुपता कायम गर्न आयोगले ७७ वटै मुख्य निर्वाचन अधिकृत र ६७६ वटै निर्वाचन अधिकृतको कार्यालयलाई प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पत्राचार गरेको छ। नमुना यस प्रकारको छ :

## मुख्य निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना

### १. साइनबोर्डको नमुना

निर्वाचन आयोग, नेपाल
स्थानीय तह सदस्य निर्वाचन, २०७९
**मुख्य निर्वाचन अधिकृतको कार्यालय**
................................ (स्थानीय तहको नाम)
................................ (ठेगाना)
स्थापना : २०७९/०१/०८

### २. लेटरहेडको नमुना

निर्वाचन आयोग, नेपाल
स्थानीय तह सदस्य निर्वाचन, २०७९
**मुख्य निर्वाचन अधिकृतको कार्यालय**
................................ (स्थानीय तहको नाम)
................................ (ठेगाना)
प. स./च. नं. ................................ मिति : ................................

### ३. छापको नमुना



## निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना

### १. साइनबोर्डको नमुना

निर्वाचन आयोग,नेपाल

स्थानीय तह सदस्य निर्वाचन, २०७९

**निर्वाचन अधिकृतको कार्यालय**

................................ (स्थानीय तहको नाम)

................................ (ठेगाना)

स्थापना : २०७९/०१/०८

### २. लेटरहेडको नमुना

निर्वाचन आयोग, नेपाल

स्थानीय तह सदस्य निर्वाचन, २०७९

**निर्वाचन अधिकृतको कार्यालय**

................................ (स्थानीय तहको नाम)

................................ (ठेगाना)

प. स./च. नं. ................................ मिति : ................................

### ३. छापको नमुना

निर्वाचन आयोग,नेपाल

स्थानीय तह सदस्य निर्वाचन

निर्वाचन अधिकृतको कार्यालय

..............................

..............................

२०७९

# निर्वाचन प्रश्नोत्तर

नेपालमा हालसम्म सम्पन्न भएका म्युनिसिपालिटी, नगरपालिका, गाउँ तथा नगर पञ्चायत, गा.वि.स. तथा नगरपालिका, जिल्ला सभा तथा जिल्ला विकास समिति र स्थानीय तह निर्वाचनहरू कुन कुन हुन् ?

नेपालमा स्थानीय तहको निर्वाचन वि.सं. २००४ मा सम्पन्न काठमाडौं म्युनिसिपालिटी, नगरपालिका, गाउँ पञ्चायत, नगर पञ्चायत, गाउँ विकास समिति, नगरपालिका, जिल्ला पञ्चायत, जिल्ला विकास समिति आदि नामले चिनिँदै आएकोमा नेपालको संविधान जारी भएपछि गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति नाम कायम गरिएको छ। नेपालमा हालसम्म सम्पन्न भएका स्थानीय स्तरका सबै निर्वाचनहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

| सि.नं | निर्वाचन | मिति |
|---|---|---|
| १ | काठमाडौं नगरपालिकाको निर्वाचन (म्युनिसिपालिटी) | वि.सं.२००४ जेठ २९ गते |
| २ | नगरपालिका निर्वाचन | वि.सं.२०१० भदौ १७ |
| ३ | स्थानीय निर्वाचन | वि.सं.२०१४ माघ ७ |
| ४ | गाउँ पञ्चायत निर्वाचन | वि.सं.२०१८ फागुन ७ देखि विभिन्न मितिमा |
| ५ | नगर पञ्चायत निर्वाचन | वि.सं.२०१९ जेठदेखि विभिन्न मितिमा |
| ६ | जिल्ला सभा निर्वाचन | वि.सं.२०१९ सालदेखि विभिन्न मितिमा |
| ८ | अञ्चल सभा निर्वाचन | वि.सं.२०२० सालदेखि विभिन्न मितिमा |
| ९ | अञ्चल पञ्चायत निर्वाचन | वि.सं.२०२० सालदेखि विभिन्न मितिमा |
| १० | गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन | वि.सं.२०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते |
| ११ | जिल्ला पञ्चायत निर्वाचन | वि.सं.२०३९ असार २ |
| १२ | गाउँ पञ्चायत तथा नगर पञ्चायत निर्वाचन | वि.सं.२०४३ चैत ७ र १० |
| १३ | जिल्ला पञ्चायत निर्वाचन | वि.सं.२०४४ वैशाख २६ |
| १४ | गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन | वि.सं.२०४९ जेठ १५ र १८ गते |
| १५ | जिल्ला विकास समिति निर्वाचन | वि.सं.२०४९ असार १३ |
| १६ | गाउँ विकास समिति तथा नगरपालिका निर्वाचन | वि.सं.२०५४ जेठ ४ र १३ गते |
| १७ | जिल्ला विकास समिति निर्वाचन | वि.सं.२०५४ असार २७ गते |
| १८ | नगरपालिका निर्वाचन | वि.सं.२०६२ माघ २६ गते |
| १९ | स्थानीय तह निर्वाचन | पहिलो चरण : वि.सं. २०७४ वैशाख ३१ गते<br>दोस्रो चरण : वि.सं. २०७४ असार १४ गते<br>तेस्रो चरण : वि.सं. २०७४ असोज २ गते |

**नेपालको इतिहासमा पहिलो निर्वाचन कहिले भएको थियो ?**

नेपालमा निर्वाचन प्रक्रियाको सुरुआत स्थानीय निकायको निर्वाचनबाटै भएको पाइन्छ । वि.सं.२००४ जेठ ३ मा मुलुकभर निर्वाचित नगरपालिका खडा गर्ने र त्यसमा मतदानबाट प्रतिनिधि छान्ने घोषणा भएबमोजिम वि.सं. २००४ साल जेठ २९ गते सम्पन्न भएको काठमाडौं म्युनिसिपालिटीको निर्वाचन नै नेपालको इतिहासमा पहिलो निर्वाचन मानिन्छ । यसमा काठमाडौंका सहरी क्षेत्रका जनताले आफ्नो प्रतिनिधि आफैं छान्नका लागि मताधिकारको प्रयोग गरेका थिए । यस निर्वाचनमा महिलाले पनि भोट हाल्न पाउनुपर्छ भनी श्री ३ पद्म शमशेरसमक्ष माग राखे तापनि २१ वर्ष उमेर पूरा गरेका पुरुषको नाममात्र समावेश भएको मतदाता नामावली तयार गरी सोही आधारमा निर्वाचन सम्पन्न गरिएको थियो ।

**नेपालको पहिलो निर्वाचित निकाय काठमाडौं म्युनिसिपालिटीको गठनसम्बन्धी व्यवस्था कस्तो थियो ?**

काठमाडौं म्युनिसिपालिटीलाई पूर्वमा धोबी खोला, पश्चिममा विष्णुमती, उत्तरमा महारजगञ्ज र दक्षिणमा बागमती रहेको चार किल्लाभित्र २१ वटा वडा कायम गरिएको थियो। प्रत्येक वडाबाट एक एक जना गरी निर्वाचित २१ जना सदस्य र सरकारले मनोनीत गर्ने १० जना सदस्य गरी जम्मा ३१ जना सदस्य रहने नगरपालिका बोर्डको व्यवस्था थियो। मनोनीत सदस्यहरूमध्येबाट सभापति र निर्वाचित सदस्यहरूमध्येबाट उपसभापति छनोट गर्ने व्यवस्था भएअनुसार गेहेन्द्र शमशेर थापा सभापति र शङ्करदेव पन्त उपसभापति छानिएका थिए।

**नेपालमा महिलाले कहिलेदेखि आफ्नो मताधिकार प्रयोग गर्न पाएका थिए ?**

वि.सं. २००७ सालपछि स्थानीय

निकायलाई जनप्रतिनिधिमूलक तथा जनमुखी बनाउन नगरपालिका कानून तर्जुमा गरियो। यसबाट काठमाडौं म्युनिसिपालिटीलाई साविकको २१ वटा वडाको पुनर्संरचना गरी १८ वटा वडा कायम गरियो । साथै काठमाडौं म्युनिसिपालिटीको नाम काठमाडौं नगरपालिका कायम गरियो । सोहीबमोजिम काठमाडौं नगरपालिकामा वि.सं.२०१० भदौ १७ गते निर्वाचन सम्पन्न गरियो । यस निर्वाचनमा २१ वर्ष उमेर पूरा गरेका महिला तथा पुरुषको नाम मतदाता नामावलीमा समावेश गरिएको थियो । यसरी वि.सं.२०१० भदौ १७ गते सम्पन्न भएको काठमाडौं नगरपालिकाको निर्वाचनबाट नेपालको निर्वाचन इतिहासमा महिलाले उम्मेदवार बन्ने र मताधिकार प्रयोग गर्ने अवसर प्राप्त गरेका हुन् ।

**नेपालको प्रथम निर्वाचित महिला जनप्रतिनिधि को हुन् ?**

नेपालको प्रथम निर्वाचित महिला जनप्रतिनिधि साधनादेवी प्रधान हुनुहुन्छ । उहाँ वि.सं.२०१० साल भदौ १७ गते सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा वडा नं.८ बाट उम्मेदवार भई निर्वाचित हुनुभएको थियो । उक्त निर्वाचनमा वडा नं.८ मा कूल ४ हजार १ सय १३ अर्थात् ५३ प्रतिशत मत खसेको थियो । जसमध्ये २ हजार ४ सय ५५ अर्थात् खसेको मतको ५९ दशमलव ६८ प्रतिशत मत प्राप्त गरी साधनादेवी प्रधान निर्वाचित हुनुभएको थियो ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

## उम्मेदवारी दर्ता गर्नका लागि चाहिने आवश्यक कागजातहरु

### दलित महिला वडा सदस्य पदका लागि

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) धरौटी राखेको बैंक भौचर वा नगद रसिद,

(घ) दलको उम्मेदवारको हकमा सो दलले प्रदान गरेको औपचारिक पत्र,

(ङ) सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा, उम्मेदवारको स्वघोषणा ।

नोटः मनोनयनपत्र दाखिला गर्दा, मनोनयनपत्रमा मनोनित उम्मेदवार, प्रस्तावक र समर्थकको सहीछाप भएको हुनु पर्ने ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मधेस प्रदेशमा ३३ लाख बढी मतदाता २ हजार १६३ मतदान स्थल

**धनुषा-**मधेस प्रदेशमा स्थानीय तह निर्वाचनका लागि ३३ लाख ३१ हजार १७० जना मतदाता रहेका छन् । प्रादेशिक निर्वाचन कार्यालय जनकपुरधामकाअनुसार प्रदेशभरी पुरुष १७ लाख ९७ हजार ९४५, महिला १५ लाख ३३ हजार १५८ र अन्य ६६ गरी कूल ३३ लाख ३१ हजार १७० जना मतदाताले मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन आयोग नेपालले २०७९ साल वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको नामावलीसमेत समावेश गरिने हुँदा सो सङ्ख्यामा मतदाताले मतदान गर्न पाउने अधिकार प्राप्त हुने प्रादेशिक निर्वाचन कार्यालयका श्रीधर पन्तले जानकारी दिनुभयो ।

निर्वाचन कार्यालयकाअनुसार धनुषामा पुरुष २ लाख ४८ हजार ८४०, महिला २ लाख १८ हजार ५४२ र अन्य ६ जनासहित कूल ४ लाख ६७ हजार ३८८, महोत्तरीमा पुरुष २ लाख १२ हजार २०३, महिला १ लाख ७९ हजार ३७३ र १ जना अन्यगरी जम्मा ३ लाख ९१ हजार ५७७ र सर्लाहीमा २ लाख ५७ हजार १३८ पुरुष, २ लाख १७ हजार २९२ महिला र अन्य ९ गरी कूल ४ लाख ७४ हजार ४३९ मतदाता रहेका छन् । त्यसैगरी सप्तरीमा २ लाख १३ हजार ८९२ पुरुष, १ लाख ९८ हजार ५३२ महिला र अन्य २१ गरी कूल ४ लाख १२ हजार ४४५ र सिरहामा २ लाख १९ हजार ५६४ पुरुष, १ लाख ९४ हजार ६०० महिला र अन्य २ गरी जम्मा ४ लाख १४ हजार १६६ कायम भएको छ ।

रौतहटमा पुरुष २ लाख २२ हजार ९४५, महिला १ लाख ८५ हजार ४६, अन्य १ जना गरी जम्मा ४ लाख सात हजार ९९२, बारामा २ लाख ३१ हजार ८२६ पुरुष, १ लाख ९१ हजार ४९० महिला र ११ अन्यसहित कूल ४ लाख २३ हजार ३२७ र पर्सामा १ लाख ९१ हजार ५३७ पुरुष, १ लाख ४८ हजार २८३ महिला र १६ जना अन्यसहित कूल ३ लाख ३९ हजार ८३६ जना मतदाताले मतदान गर्न पाउने प्रादेशिक निर्वाचन कार्यालयका पन्तले जानकारी दिनुभयो ।

वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा मतदान गर्न प्रदेशभरी २ हजार १६३ मतदानस्थल कायम गरिएको छ भने ४ हजार १८९ मतदान केन्द्र निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो । कायम गरिएको मतदानस्थल र केन्द्रअनुसार सप्तरीमा २९७ मतदानस्थल, ५३६ मतदान केन्द्र, सिरहामा २२१ मतदानस्थल, ४९८ मतदान केन्द्र, धनुषामा ३२३ मतदानस्थल, ५९३ मतदान केन्द्र, महोत्तरीमा २५८ मतदानस्थल, ४९७ मतदान केन्द्र, सर्लाहीमा ३१८ मतदानस्थल, ५९९ मतदान केन्द्र, रौतहटमा २७६ मतदानस्थल, ५१८ मतदान केन्द्र, बारामा ३०३ मतदानस्थल, ५४१ मतदान केन्द्र र पर्सामा १६७ मतदान स्थल र ४०४ मतदान केन्द्र निर्धारण गरिएको छ । ८ गतेदेखि स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खोलिने छ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला ।

**इ-बुलेटिन प्रकाशन समिति**

संरक्षक : **गोकर्णमणि दुवाडी,** सचिव
**शालिग्राम शर्मा पौडेल,** सहसचिव- संयोजक
**कमल भट्टराई,** उपसचिव- सदस्य,
**राजन नेपाल**- सदस्य, **नारायणप्रसाद न्यौपाने**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य,
**श्रवणकुमार लुइटेल**- सदस्य सचिव
**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np